# भूकम्पबाट पूर्णरुपमा क्षति भएका आवास पुनःनिर्माण अनुदान सहायता प्रवाह कार्यविधि

२०७२

*(नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।६।२२ को निर्णयानुसार स्वीकृत)*

नेपाल सरकार

सहरी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

**प्रस्तावना :**
२०७२ साल बैशाख १२ गते र त्यसपछिका भूकम्प एवम् पराकम्पनहरुबाट ९००० भन्दा बढी मानिसहरुको मृत्यु हुनुका साथै २५,००० जना भन्दा बढी घाइते भएको र "भूकम्प पछिको आवश्यकता मूल्याङ्कन" बाट करिव ४,९०,००० आवासहरु भत्किएको र करीव रु. ७ खर्ब रुपैया बरावरको सम्पत्ति क्षति भएकोमा पुनर्निर्माण सम्बन्धी कार्यको लागि करिव रु. ६.७ खर्ब रुपैया लाग्ने अनुमान गरिएको छ ।
यसै सन्दर्भमा "भूकम्पबाट पूर्ण रुपमा क्षति भएका घर निश्चित मापदण्डको आधारमा आफैले निर्माण गर्न चाहनेहरुका लागि स्वीकृत कार्यविधिको आधारमा रु. २ लाख सम्मको सहायता सहज रुपमा उपलव्ध गराउने व्यवस्था गरेको छु" भनि नेपाल सरकारको आर्थिक वर्ष २०७२/०७३ को वजेट वक्तव्यको बुँदा नं. ३२ मा उल्लेख भएको हुँदा उक्त सहायता उपलव्ध गराई निश्चित मापदण्डको आधारमा घर निर्माण गर्दा अपनाउने प्रकृया निर्धारण गर्न आवश्यक भएकोले नेपाल सरकारले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

**१. नाम विस्तार र प्रारम्भ :**

क) यस कार्यविधिको नाम "भूकम्पवाट पूर्णरुपमा क्षति भएका आवास पुनर्निर्माण अनुदान/सहायता प्रवाह कार्यविधि, २०७२" रहने छ ।

ख) यो कार्यविधि नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको मिति देखि लागू हुने छ।

**२. परिभाषा :**

क) "लक्षित वर्ग" भन्नाले २०७२ वैशाख १२ गतेको भुकम्प र त्यसपछिका भूकम्प/पराकम्पनबाट पूर्ण रुपमा क्षतिभएका आवासहरुका घरधनीहरु सम्झनु पर्छ।

ख) "विभाग" भन्नाले शहरी विकास तथा भवन निर्माण विभागलाई सम्झनु पर्छ ।

ग) "डिभिजन कार्यालय" भन्नाले विभाग अन्तर्गतका सम्वन्धित डिभिजन कार्यालयलाई सम्झनु पर्छ ।

घ) "आवास एकाई" भन्नाले स्वीकृत डिजाईन अनुसारका आवास एकाईलाई सम्झनु पर्छ ।

ङ) "लाभग्राही" भन्नाले दफा ४ बमोजिम छनौट भएको व्यक्ति वा परिवारलाई सम्झनु पर्छ ।

च) "आयोजना कार्यान्वयन एकाई" भन्नाले आवास कार्याक्रम संचालन गर्न विभागमा स्थापना भएको आयोजना कार्यान्वयन एकाई Project Implementation Unit (PIU) सम्झनु पर्दछ ।

छ) "जिल्ला आयोजना कार्यान्वयन एकाई" भन्नाले आवास कार्यक्रम संचालन गर्न डिभिजन कार्यालय अन्तर्गत स्थापना भएको सम्वन्धित जिल्लाको जिल्ला आयोजना कार्यान्वयन एकाई District Project Implementation Unit (DPIU) सम्झनु पर्दछ ।

ज) "अनुदान सहायता" भन्नाले यस कार्यविधि बमोजिम २०७२ साल बैशाख १२ गते र त्यस पछिका भूकम्प एवं पराकम्पहरुबाट पूर्णरुपमा क्षतिग्रस्त भएका आवासहरुको पुनर्निर्माणका लागि प्रदान गरिने अनुदान सहायता सम्झनु पर्दछ ।

**३. कार्यक्रम स्थल :**
नेपाल सरकार मन्त्रिपरिषदले तोके बमोजिमका भूकम्प प्रभावित जिल्लाहरु ।

## ४. लक्षित वर्गको पहिचान :

लक्षित बर्गको पहिचान देहाय बमोजिम हुनेछ :

क) मर्मत तथा प्रबलीकरण गर्दा पनि प्रयोग गर्न नसक्ने गरी पूर्णरुपमा क्षति भएका आवास/भवनको घरधनी

ख) भूकम्पबाट क्षति भएको बाहेक सोही स्थान वा अन्यत्र आवास/भवन नभएको व्यक्ति/परिवार

ग) घरधनीको नागरिकताको प्रतिलिपी, जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी, बिजुली, धारा वा कुनै सार्वजनिक सेवा सुविधा प्राप्त गरेको भएमा सो जानिने कागजातको प्रतिलिपी

## ५. नक्सा र डिजाइन :

सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका डिभिजन कार्यालय वा त्यस अन्तर्गतको DPIU ले लाभग्राहीहरुलाई भूकम्प प्रतिरोधी प्रविधि सहितका नमूना आवासका डिजाइनहरु उपलव्ध गराउने छन् । लाभग्राहीले नमूना आवासहरु मध्ये कुनै एक छान्नु पर्नेछ । यसमा कोठा संख्या आवश्यकता अनुसार थप गर्न सकिने तर अनिवार्य रुपमा भूकम्प प्रतिरोधी प्रविधि अनुशरण गर्ने, तालिम प्राप्त कालिगढवाट निर्माण कार्य गराउने र तोकिएको गुणस्तर कायम गर्ने गरी समझदारी पत्रमा हस्ताक्षर गर्नुपर्ने छ । तर नमुना आवासहरुको सट्टामा नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएका इन्जिनियर वा आर्किटेक्टहरुबाट नक्शा तयार गराई आवास भवनहरु यसै कार्यविधि बमोजिम पुनःनिर्माण गर्न सकिनेछ ।

## ६. वित्तीय प्रवन्ध :

सम्वन्धित स्थानिय निकायहरुले तपशिल बमोजिमको प्रकृया पुरा गरी अनुदान सहयोग को रकम उपलव्ध गराउने छन् ।

क) अनुदान सहयोग प्राप्त गर्नका लागि लाभग्राहिले सम्वन्धित स्थानीय निकायले सिफारिस गरेको बैङ्कमा खाता खोल्नुपर्ने छ । कुनै बैंकमा खाता खोलिसकेको भए त्यही खाता प्रयोग गर्न पनि सकिनेछ ।

ख) अनुसूचि १ बमोजिमको प्रक्रिया पूरा गरी अनुदान सहायता चार किस्तामा उपलब्ध गराइनेछ । यस्तो अनुदान सहायताको अधिकतम रकम रु.२ लाख हुनेछ ।

ग) दफा ५ वमोजिम छनौट गरिएको आवास भवनको डिजाइन र प्रविधि वमोजिम आवास/भवन निर्माण गर्दा नेपाल सरकारले उपलव्ध गराउने २ लाख सम्मको सहायता रकम भन्दा वढीको लागत रकम लाभग्राही आँफैले वेहोर्नु पर्नेछ ।

घ) सरकारवाट उपलव्ध हुने रु. २ लाख सम्मको सहायताको सम्पूर्ण रकम घर निर्माणको कार्यमा खर्च गर्नुपर्ने छ र यो भन्दा कम लागतको घर निर्माण गरेमा सोही अनुसारको रकम मात्र अनुदान सहायता प्रदान गरिनेछ ।

ङ) सम्झौता तथा खर्च सम्वन्धि सम्पूर्ण फाँटवारी राख्ने र लेखा परिक्षण गराउने जिम्मेवारी सम्वन्धित स्थानीय निकायको हुनेछ ।

च) अन्य स्वदेशी वा विदेशी संघ संस्थाबाट आवास/भवन निर्माणका लागि अनुदान सहयोग प्राप्त गरेको लाभग्राहीलाई यस कार्यविधि बमोजिमको अनुदान सहायता उपलब्ध गराइने छैन ।

छ) सहरी क्षेत्रमा रु.२५ लाख र ग्रामिण क्षेत्रमा रु.१५ लाख सहुलियत ऋण प्राप्त गर्ने घर परिवारले रु.२ लाख सहायता पाउने छैनन् ।

ज) कुनै लाभग्राहीको एक भन्दा बढी आवास/भवन भएकोमा यस कार्यविधिको अधिनमा एक वटा आवास/भवन पुनर्निर्माणका लागि मात्र यस्तो सहायता दिइनेछ।

**७. निर्माण सामाग्री उपलब्ध गराउन सहयोग गर्ने :**

आवासको लागि आवश्यक पर्ने जस्तापाता, सिमेन्ट, हुक, कब्जा जस्ता निर्माण सामाग्रीहरु स्थानीय बजारमा यथेष्ट मात्राम उपलब्ध गराउन आवश्यक सहयोग र समन्वय सम्बन्धित शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय र स्थानिय जिल्ला प्रशासन कार्यालयले गर्नेछ । डिभिजन कार्यालयले यस्ता समाग्रीहरुको गुणस्तरको सुनिश्चितता र जिल्ला प्रशासन कार्यालयले सुपथ मूल्यमा उपलब्ध गराउने व्यवस्थाका लागि आवश्यक कार्य गर्नेछन् ।

**८. विभाग तथा अन्तर्गतका निकायहरुको भूमिका :**

१) यस कार्यविधि सम्वन्धी आवश्यक पर्ने कार्यहरु विभाग अन्तर्गतको आवास महाशाखामा स्थापना भएको "आयोजना कार्यान्वयन एकाई (PIU)" ले गर्नेछ । उक्त एकाईको कार्यक्षेत्र निम्न बमोजिम हुनेछ :

क) विभाग र डिभिजन कार्यालय बीच समन्वय र सहयोगीको भूमिका निर्वाह गर्ने ।

ख) नमूना डिजाईन तयार गर्ने, परिमार्जन गर्ने तथा डिभिजन कार्यालयहरुलाई आवश्यकता अनुसार अन्य प्राविधिक सहयोग उपलव्ध गराउने ।

ग) अनुगमन तथा मूल्याङ्कन गरी डिजाइन/ड्इङ्गमा आवश्यक परिमार्जन गर्न सिफारिस सहितको मासिक/चौमासिक/वार्षिक प्रतिवेदन तयार गरी विभागमा पेश गर्ने ।

घ) आवश्यकतानुसार केन्द्र, जिल्ला तथा गा.वि.स. हरुमा विभिन्न क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरु संचालन गर्ने गराउने ।

२) डिभिजन कार्यालय अन्तर्गत "जिल्ला आयोजना कार्यान्वयन एकाइ (DPIU)" को स्थापना हुनेछ र यसले निम्न बमोजिमका कार्यहरु गर्ने छ :

क) जिल्ला स्थित निकायहरुसंग आवश्यकतानुसार समन्वय गर्ने ।

ख) जिल्ला स्थित डिभिजन कार्यालयलाई आवास/भवनहरुको निर्माण कार्यको आवद्धिक रुपमा (अनुसूची १ वमोजिम) प्राविधिक निरिक्षण गरी किस्ता वितरणको लागि सिफारिस गर्ने ।

ग) कार्यक्रमको अनुगमन तथा प्रगति प्रतिवेदन तयार गर्ने ।

घ) भुकम्प प्रतिरोधी आवास/भवन निर्माण सम्वन्धि आवश्यक पर्ने क्षमता अभिवृद्धिको तालिमहरु संचालन गर्ने गराउने ।

**९. योजना समन्वय र व्यवस्थापन :**

**क. पुनर्निर्माण प्राधिकरण* :**

नेपाल सरकारले गठन गरेको पुनर्निर्माण प्राधिकरणले भूकम्पबाट क्षति पुगेका आवासहरुको पुनर्निर्माणका लागि कार्यक्रम तथा बजेटको व्यवस्थाका साथै आवश्यक नीति, निर्देशन प्रदान गर्नेछ ।

* प्रतिनिधि सभामा पुनर्निर्माण प्राधिकरण गठन सम्बन्धी विधेयक पेश भइसकेको अवस्थामा सो गठन नभएसम्मका लागि प्राधिकरणले गर्ने भनी उल्लेख भएका कार्यहरु राष्ट्रिय योजना आयोगबाट गरिनेछ ।

**ख. केन्द्रीय आवास पुनर्निर्माण निर्देशक समिति :**

आवास/भवन पुनःनिर्माण सम्बन्धी कार्यक्रम संचालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न केन्द्रीय स्तरमा तपसिल बमोजिमको एक केन्द्रीय आवास पुनःनिर्माण निर्देशक समिति रहनेछ ।

| | | |
|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत, पुनर्निर्माण प्राधिकरण | संयोजक♦ |
| २. | सह-सचिव, सहरी विकास मन्त्रालय, भवन तथा आवास महाशाखा | सदस्य |
| ३. | सह-सचिव, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय | सदस्य |
| ४. | सह-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ५. | सह-सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| ६. | महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग | सदस्य |
| ७. | आयोजना निर्देशक आयोजना कार्यान्वयन व्यवस्थापन एकाई (PIU) सहरी विकास तथा भवन निर्माण विभाग | सदस्य सचिव |

**ख. १ केन्द्रिय आवास पुनःनिर्माण निर्देशक समितिको काम, कर्तव्य र अधिकार**

१) यस समितिको काम, कर्त्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीति तर्जुमा गर्ने

ख) कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको क्रममा मन्त्रालय, विभाग, जिल्लास्तरिय समन्वय समिति तथा अन्य निकायहरुलाई आवश्यक निर्देशन दिने ।

ग) कार्यक्रमको प्रगति समीक्षा गर्ने, सम्बन्धित केन्द्रीय निकायहरुबीच समन्वय गर्ने ।

घ) आवश्यक भएमा लाभग्राही र अन्य निकायहरुबीच समन्वय जुटाउने ।

ङ) कार्यक्रम कार्यान्वयनको क्रममा आई परेका बाधा अड्चन फुकाउने ।

२) केन्द्रिय आवास पुनःनिर्माण निर्देशक समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३) केन्द्रिय आवास पुनःनिर्माण निर्देशक समितिले बैठकमा आवश्यक व्यक्ति वा स्वदेशी वा विदेशी संघ संस्थाहरुलाई आमन्त्रण गर्न सक्ने छ ।

**ग) जिल्लास्तरिय आवास पुनःनिर्माण समन्वय समिति**

जिल्ला स्तरमा कार्यक्रम संचालन तथा अनुगमन गर्न देहायबमोजिम एक समन्वय समिति गठन हुनेछ :

| | | |
|---|---|---|
| क) | स्थानिय विकास अधिकारी, जि.वि.स.को कार्यालय | संयोजक |
| ख) | जिल्ला प्रशासन कार्यालयले तोकेको अधिकृत प्रतिनिधि | सदस्य |
| ग) | प्रमूख, मालपोत कार्यालय | सदस्य |
| घ) | प्रमुख, जिल्ला नापी कार्यालय | सदस्य |
| ङ) | प्रमुख, जिल्ला खानेपानी कार्यालय | सदस्य |
| च) | प्रमुख, जिल्ला वन कार्यालय | सदस्य |

♦ पुनर्निर्माण प्राधिकरण गठन नभएसम्मका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष संयोजक रहनेछ ।

छ) प्रमुख, डिभिजन सडक कार्यालय सदस्य

ज) प्रमुख, जिल्ला भूसंरक्षण कार्यालय सदस्य

झ) प्रमुख, जिल्ला प्राविधिक कार्यालय सदस्य

ञ) आयोजना प्रमुख, जिल्ला आयोजना कार्यान्वयन एकाई (DPIU)
डिभिजन कार्यालय सहरी विकास तथा भवन निर्माण विभाग सदस्य सचिव

**ग.१) जिल्लास्तरीय आवास पुनःनिर्माण समन्वय समितिको काम, कर्त्तब्य र अधिकार**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) केन्द्रिय निर्देशक समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने गराउने ।

ख) दैवि प्रकोप उद्धार समितिबाट छनौट भएका लाभग्राहीहरु कार्यक्रममा समावेश भए नभएको सुनिश्चित गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनमा जिल्लास्तरमा समन्वय गर्ने ।

घ) कार्यक्रमको प्रगति अनुगमन गर्ने ।

ङ) कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या तथा विवादहरु समाधान गर्ने ।

च) कार्यक्रम संचालन तथा कार्यान्वयनको क्रममा (DPIU) लाई आवश्यक सहयोग गर्ने तथा निर्देशन दिने ।

छ) भूकम्प प्रतिरोधी प्रविधि बमोजिम आवास/भवन निर्माण भए नभएको प्रमाणिकरणको साथै किस्ता किस्ता रकम वितरणमा विवाद सिर्जना भएमा यसको समाधान गर्ने ।

२) समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३) समितिले आवश्यकता बमोजिम बैठकमा अन्य ब्यक्ति तथा संस्थालाई आमन्त्रण गर्न सक्नेछ ।

४) दफा ६ बमोजिमको वित्तीय प्रबन्धका लागि अनुसूचि (१) अनुसारको प्रक्रिया र स्वीकृत नक्शा डिजाइन बमोजिम भूकम्प प्रतिरोधी प्रविधिको पालना भए/नभएको प्राविधिक निरीक्षण गर्ने

**घ) गा.वि.स./न.पा. स्तरिय कार्यान्वयन एकाई :**

डिभिजन कार्यालयहरुले आवश्यकताअनुसार गा.वि.स./न.पा.हरुलाई समेटी स्थानिय स्तरको आयोजना कार्यान्वयन स्रोतकेन्द्रहरुको स्थापना गर्न सक्नेछन तर सोको लागि जिल्ला स्तरिय आवास पुनःनिर्माण समन्वय समितिको सिफारिस वमोजिम केन्द्रिय स्तरको आवास पुनःनिर्माण निर्देशक समितिले नेपाल सरकारलाई अनुरोध गर्नुपर्ने छ । यी स्रोतकेन्द्रहरुमा कार्यरत कर्मचारीहरुको काम, कर्त्तव्य र अधिकार डिभिजन कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. दक्षता अभिवृद्धि सम्वन्धी तालिम :**

दक्षता अभिवृद्धि सम्वन्धी तालिम केन्द्र, जिल्ला तथा स्थानिय स्तरमा संचालन गरिने छ । उक्त तालिम सहरी विकास मन्त्रालयबाट स्विकृत कार्यविधि तथा विषयवस्तुहरु वमोजिम हुनुपर्ने छ । कुनै विदेशी वा स्वदेशी संघसंस्थाहरुले यस्तो तालिम सञ्चालन गर्न चाहेमा सोही कार्यविधि तथा विषयवस्तु भित्र रही तालिम सञ्चालन गर्नुपर्ने छ ।

क) **केन्द्रीयस्तर :**

पुनर्निर्माण गरिने आवासहरुको 'नमूना डिजाइन तथा भवन निर्माण संहिता सम्वन्धी प्रशिक्षण तालिम संचालन गरिनेछ ।

ख) **जिल्लास्तर :**

जिल्ला स्तरमा भूकम्पबाट प्रभावित जिल्लाहरुमा जिल्ला स्थित कार्यालय तथा अन्य संलग्न संघसंस्थाहरुमा कार्यरत प्राविधिक कर्मचारी तथा स्थानिय परामर्शदाताहरुलाई "नमूना डिजाईन तथा राष्ट्रिय भवन संहिता" सम्बन्धी तालिमहरु सञ्चालन गरिनेछन् । साथै स्थानिय स्तरमा सिकर्मी, नर्कमी तथा डकर्मी, घरधनी आदिका लागि समेत तालिम सञ्चालन गरिने छ । उक्त तालिमका सहभागिहरुको छनौट प्रकृयामा भुकम्पबाट बढी प्रभावित जिल्लाका वासिन्दाहरु, विपन्न तथा वञ्चित समूहका व्यक्तिहरु (अपाङ्गता भएका व्यक्तिहरु, दलित, जनजाती तथा अन्य अल्पसंख्यक समुदायका व्यक्तिहरु) लाई विशेष ग्राह्यता दिइने छ ।

११. **विविध :**

क) **निर्देशन दिन सक्ने** :

यस कार्यविधि बमोजिमको काम कारबाहीको सन्दर्भमा केन्द्रीय आवास पुनर्निर्माण निर्देशक समितिले सम्बन्धित सरकारी निकाय, गठन भएका समिति तथा एकाईहरु र विकास सहकर्मीहरुलाई निर्देशन दिनसक्ने छ । यस्ता निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

ख) **विवाद समाधान** :

विभागहरु, जिल्ला स्थित कार्यालयहरु, अन्य स्थानीय निकायहरु, सम्वन्धित एकाईहरु र लाभग्राहीहरुबीच कुनै विवाद उत्पन्न भए केन्द्रीय निर्देशक समितिबाट दिइने निर्णय अन्तिम हुनेछ ।

ग) **फरफारक हुने** :

कुनै लाभग्रहीले कुनै कारणबस निर्माण कार्य बीचैमा छोडेमा निर्माण भएको कार्यको मूल्यांकन गरी सम्पन्न भएको कार्यको फरफारक गरिनेछ ।

घ) **कारबाही हुने** :

यस कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले झुट्टा विवरण पेश गरेमा वा यस्तो व्यहोरा सिफारिस गरेको पाइएमा त्यस्ता व्यक्तीबाट सम्पूर्ण लागत असूल गरी कानून बमोजिम कारबाही गरिनेछ ।

ङ) **अन्य निकायले सहयोग गर्ने** :

नेपाल सरकार सेवा तथा पूर्वाधार सम्बन्धी निकायहरुले यस कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक सहयोग गर्नुपर्ने छ ।

च) **कार्यविधिमा संसोधन** :

नेपाल सरकारले यस कार्यविधिलाई समयानुकूल संशोधन गर्न सक्नेछ। यस्तो संशोधन गर्दा आर्थिक दायित्व पर्ने भएमा अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्नेछ ।

छ) **सहुलियत ऋण प्रवाह :**

राष्ट्रिय भवन संहिताको पालना तथा भुकम्प प्रतिरोधात्मक प्रविधि प्रयोगको प्रत्याभूती सूनिश्चित गर्न वैंक तथा वित्तिय संस्थाहरुबाट सहुलियत ऋण प्रवाह गरी पुननिर्माण हुने

आवास/भवनहरुको किस्ता भूक्तानी गर्ने कार्य समेत यसै कार्यविधि बमोजिमको प्राविधिक प्रमाणीकरणको आधारमा मात्र सम्बन्धित निकायले गर्नुपर्ने छ ।

**ज) स्वदेशी वा विदेशी संघसंस्थाबाट अनुदान प्रवाह :**

स्वदेशी वा विदेशी संघसंस्थाबाट अनुदान प्रवाह गरी आवास/भवन निर्माण गर्दा यसै कार्यविधि अनुसार गर्नुपर्ने छ । यसरी प्रवाह हुने न्यूनतम अनुदान रकम नेपाल सरकारबाट वितरण हुने अनुदान रकम बराबर हुनुपर्ने छ र यो कार्यविधि बमोजिमको प्रक्रिया अनुसार नै उक्त रकम प्रवाह हुनुपर्ने छ ।

**झ) कार्यविधिमा उल्लेखित कुनै प्रावधान बाझिएमा :**

यो कार्यविधिमा उल्लेखित कुनै प्रावधानहरु नेपाल कानून संग बाझिएमा बाझिएको हद सम्म यो कार्यविधि को प्रावधान अमान्य हुनेछ ।

**अनुसूची १**

प्राविधिक निरिक्षण र किस्ता वितरण प्रकृया

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | विस्तृत विवरण |
|---|---|---|---|
| १. | प्रथम किस्ता वितरण | स्थानीय निकाय | पहिलो २५% रकम सम्बन्धित लाभग्राहीको खाता नं. मा जम्मा हुने गरी दिने । यो रकमवाट जग र पिल्न्थ सम्मको वनाउने कार्य गर्नुपर्ने |
| २ | प्रविधिक निरिक्षण (१) | स्थानीय निकाय, सहरी विकास तथा भवन निर्माण विभगको डिभिजन कार्यालय | जग र पिल्न्थ सम्मको कार्य, भूकम्प प्रतिरोधी प्रविधिबाट वने नवनेको गुणस्तर कायम भए नभएको वारेमा निर्माण कार्यको शुरुवात देखिनै सुपरिवेक्षण गरी प्लिन्थ सम्मको निर्माण कार्य सम्पन्न भएपछि दोश्रो किस्ताको लागि सिफारिस गर्ने । |
| ३ | दोश्रो किस्ता वितरण | स्थानीय निकाय | दोश्रो ३०% रकम सम्वन्धित लाभग्राहीको खाता नं. मा जम्मा हुने गरी दिने । यो रकमबाट प्लिन्थभन्दा माथि गाह्रोको काम सम्पन्न गर्न खर्च गर्ने । |
| ४ | प्राविधिक निरिक्षण (२) | स्थानीय निकाय, सहरी विकास तथा भवन निर्माण विभागको डिभिजन कार्यालय | प्लिन्थ भन्दा माथि गाह्रो झ्याल ढोकाको चौकोस राख्ने सम्पूर्ण कार्य भुकम्प प्रतिरोधि प्रविधि वमोजिम वने नवनेको वारेमा नियमित सुपरिवेक्षण गरी गाह्रो लगाउने काम सम्पन्न भएपछि तेश्रो किस्ताको लागि सिफारिस गर्ने । |
| ५ | तेश्रो किस्ता वितरण | स्थानीय निकाय | तेश्रो ३५% रकम सम्वन्धित लाभग्राहीको खाता नं. मा जम्मा हुने गरी दिने । यो रकमवाट छाना छाउने र फिनिसिङका केही कार्य गर्नुपर्ने । |
| ६ | प्राविधिक निरिक्षण (३) | स्थानीय निकाय, सहरी विकास तथा भवन निर्माण विभागको डिभिजन कार्यालय | छानाको काम तोकिएको प्रविधि र गुणस्तर कायम भए नभएको नियमित अनुगमन गरी अन्तिम चौथो किस्ताको लागि सिफारिस गर्ने । |
| ७ | चौथो किस्ता | स्थानीय निकाय | बाँकी १०% रकम सम्वन्धित लाभग्राहीको खाता नं. मा जम्मा हुने गरी दिने । यो रकमवाट बाँकी कार्य र झ्याल, ढोका, फिनिसिङ, शौचालय, वर्षातको पानी संकलन (सोलार बत्ती, वायोग्यास) चट्याङबाट बच्ने उपायहरु समेतको लागि खर्च गर्ने । |
| ८ | अन्तिम प्राविधिक परिक्षण | सहरी विकास मन्त्रालय | साधारणतया काम सम्पन्न भएको ४ महिनापछि परिक्षण गरी "भुकम्प २०७२ मा भुकम्प प्रतिरोधी प्रविधि प्रयोग गरी वनेको भवन" प्रमाणीकरण गर्ने । |